ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

# मानव महाकाव्यमा दलित सौन्दर्य

उपप्रा. डा. सुभाषचन्द्र न्यौपाने
महेन्द्र बहुमुखी क्याम्पस, धरान ।
subashneupane953@gmail.com

https://doi.org/10.3126/gyandeep.v10i2.77334

## लेखसार

प्रस्तुत लेख महाकाव्यकार मोदनाथ प्रश्रितको *मानव* महाकाव्यमा प्रस्तुत दलित सौन्दर्यको विश्लेषणमा केन्द्रित रहेको छ । *मानव* महाकाव्य दलितहरूको संवेदनालाई विषयवस्तु बनाएर लेखिएको दलित सौन्दर्य चेतनायुक्त महाकाव्य हो । साहित्य समालोचनामा सांस्कृतिक अध्ययन गर्ने प्रमुख धारहरूमध्ये पहिचान र प्रतिशोधलाई मूल आधार मानी दलित चेतनासँग सम्बन्धित पात्रहरूको विश्लेषण यस लेखमा गरिएको छ । यस महाकाव्यमा दलितहरूको प्रतिनिधित्व कसरी गराइएको छ, ती दलितहरूको पहिचान कसरी गराइएको र सीमान्तीकरणका विरुद्ध तिनीहरूको प्रतिशोधको स्वरलाई कसरी प्रस्तुत गरिएको छ भन्ने कुरालाई नै मूल समस्या बनाई यिनै प्राज्ञिक प्रश्नहरूको समाधान यस लेखमा खोजिएको छ । प्रस्तुत अध्ययनमा महाकाव्यकार मोदनाथ प्रश्रितको *मानव* महाकाव्यलाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ भने सांस्कृतिक समालोचनामा दलित सौन्दर्यबोधसँग सम्बन्धित लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा केन्द्रित हुनुका साथै मूलत सूक्ष्मपठन तथा विश्लेषण विधिमा केन्द्रित रहेको छ । प्रस्तुत महाकाव्यमा दलित चेतना पहिचान र प्रतिशोधको स्वरलाई विशेष रूपमा उठाइएकाले छुवाछुत तथा जातीय विभेद विरुद्ध सांस्कृतिक रूपान्तरणको स्वरलाई केन्द्रमा राखेर विषयवस्तुको संयोजन गरिएकाले प्रस्तुत महाकाव्य दलित सौन्दर्य चेतनाले भरिएको महाकाव्य हो भन्ने निष्कर्ष यस लेखको विश्लेषणबाट निकालिएको छ ।

*शब्दकुञ्जी :* अछुत, दमन, विभेद, शोषण, सीमान्तकृत

## विषयपरिचय

महाकाव्यकार मोदनाथ प्रश्रित (१९९९) को *मानव* महाकाव्यमा निहित दलित सौन्दर्यको खोज गर्नु नै प्रस्तुत लेखको मूल विषय हो । प्रश्रितको २०२३ सालमा प्रकाशित र त्यसै साल मदन पुरस्कार प्राप्त *मानव* महाकाव्य सीमान्तकृत दलित चरित्रलाई आधार बनाएर लेखिएको प्रगतिशील चेतना भएको कृति हो । यस महाकाव्यमा कथित उच्च ब्राह्मण भनाउँदा व्यक्तिको सीमान्तकृत दलित वर्गमाथि गरेको शोषणको चरम रूप यस महाकाव्यमा प्रस्तुत गरिएको छ । प्रश्रितका निबन्ध खण्डकाव्य नाटक र महाकाव्यमध्ये *मानव* महाकाव्यको दलित सौन्दर्यपरक अध्ययन यस लेखको मूल क्षेत्र हो । प्रस्तुत महाकाव्यलाई विभन्न कोणबाट विश्लेषण गर्न सकिने आधारहरू हुँदाहुँदै पनि दलित सौन्दर्य चेतनाका आधारमा दलित मुक्ति र उनीहरूको प्रतिशोधको भावना कस्तो छ भन्ने विषयलाई मूल प्रश्न बनाई सोही प्रश्नको उत्तर खोज्ने क्रममा यो लेख तयार पारिएको हो । प्रस्तुत महाकाव्यका बारेमा विभिन्न कोणबाट अध्ययन विश्लेषण भएको पाइए पनि दलित सौन्दर्यका कोणबाट विश्लेषण भएको पाइँदैन । उपेन्द्र पागलले मानव महाकाव्यको विश्लेषणात्मक अध्ययनमा यस महाकाव्यको कथानक, चरित्र, परिवेश, द्वन्द्व, शिल्प, लय आदिका बारेमा सूक्ष्म विवेचना गरेका छन् । चन्द्रप्रसाद न्यौपानेले मानव महाकाव्य एक विवेचनामा यस महाकाव्यको कथावस्तुलाई विस्तारका साथ उल्लेख गरेका छन् । रमेश शुभेच्छुकले मानव महाकाव्यको पात्रविधानमा यस महाकाव्यका

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

पात्रहरूका बारेमा विमर्श गरेका छन् । धेरै समालोचकहरूले मार्क्सवादी कोणबाट यस महाकाव्यको विवेचना गरे पनि दलित सौन्दर्यका कोणबाट भने विश्लेषण गरिएको पाइँदैन । सोही शोधरिक्तता पूरा गर्ने प्रयोजनका लागि यो लेख तयार पारिएको हो । प्रस्तुत महाकाव्यको दलित सौन्दर्यपरक अध्ययन गरी यस महाकाव्यले प्रस्तुत गरेका दलित जातिका अवस्था उनीहरूले समाजबाट प्राप्त गरेका लाञ्छना, उनीहरूले भोग्नुपरेका यातना, पीडा र छट्पटी तथा त्यसबाट मुक्तिका लागि पात्रहरूले गरेका सङ्घर्षका आधारमा दलित सौन्दर्यको खोज गरिएकाले नेपाली समालोचनाका क्षेत्रमा यस लेखको औचित्य रहेको छ भन्ने कुरा पुष्टि हुन्छ । प्रस्तुत महाकाव्यलाई सांस्कृतिक अध्ययनका विविध कोणबाट विश्लेषण गर्न सकिने भए पनि दलित सौन्दर्य चेतनाका आधारमा मात्र विश्लेषण गर्नु यस लेखको सीमा हो । प्रस्तुत लेखले *मानव* महाकाव्यमा निहित दलित सौन्दर्य चेतनाको विश्लेषण गरिएकाले यस लेखको उपादेयता रहेको कुरा स्पष्ट हुन्छ ।

## शोधविधि र सैद्धान्तिक अवधारणा

*मानव* महाकाव्यको दलित सौन्दर्यपरक विश्लेषण गर्ने क्रममा मुख्य रूपमा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा महाकाव्यकार मोदनाथ प्रश्रितको *मानव* महाकाव्यलाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा प्रस्तुत महाकाव्यलाई आधार मानी विश्लेषण गरिएका समालोचनात्मक ग्रन्थ, अनुसन्धानमूलक लेखहरू तथा सांस्कृतिक अध्ययनअन्तर्गत दलित सौन्दर्य शास्त्रसँग सम्बन्धित लेख तथा ग्रन्थहरूको उपयोग गरिएको छ । प्रस्तुत महाकाव्यको दलित सौन्दर्यपरक अध्ययनका क्रममा काव्यमा निहित पात्रको अवस्था तथा विचारमा आधारित भएर गुणात्मक तथ्यका आधारमा व्याख्या ता विश्लेषणात्मक विधिको प्रयोग गरी महाकाव्यको सूक्ष्मपठन विधिको समेत उपयोग गरी निष्कर्ष निकालिएको छ ।

दलित साहित्य दलित मुक्तिको आकाङ्क्षालाई अभिव्यक्त गर्ने श्रमिक वर्गीय साहित्य हो । परम्परागत हिन्दू सामन्तवादी चिन्तनको वैचारिक तथा सांस्कृतिक प्रतिवादमा उभिँदै दलित नायकत्वको स्थापना र दलित समुदायको आत्मरूपान्तरणको पक्षपोषण गर्ने साहित्य नै दलित साहित्य हो (सङ्गीत श्रोता, २०७०, पृ. २८७) । वर्णव्यवस्थाद्वारा निर्देशित र शोषणमा आधारित व्यवस्थाको रूपान्तरण गर्ने उद्देश्यले लेखिने दलित साहित्य वा समग्र समाजको आमूल परिवर्तनको आकाङ्क्षा राख्ने सर्वहारा वर्गीय चिन्तनमा आधारित प्रगतिवादी साहित्यको मूल्याङ्कन गर्ने सार्वभौम सिद्धान्तका रूपमा प्रारम्भ भएको मार्क्सवादी सौन्दर्य शास्त्रकै अङ्गका रूपमा दलित सौन्दर्य शास्त्र रहेको देखिन्छ । दलित साहित्यको कथ्य दलितको दुःख र वेदना हो । दलितहरूले भोग्दै आएका शोषण, अन्याय, अत्याचारको कलात्मक प्रतिविम्बन दलित साहित्यमा हुन्छ । यसमा विद्रोहको अभिव्यक्ति हुन्छ । सङ्घर्षको चेतना हुन्छ र समाजलाई परिवर्तन गर्नुपर्ने अग्रगामी सन्देश हुन्छ (भट्टराई, २०७०, पृ. १९५) । दलित साहित्य भनेको त्यस्तो साहित्य हो जसले दलितहरूको जीवन, उनीहरूका दुःखसुख, सामाजिक तथा राजनैतिक स्थिति, सांस्कृतिक आस्था, उनीहरूमाथि समाजबाट भएको शोषण, उत्पीडन र त्यसका विरुद्ध प्रतिरोधको परिस्थितिलाई व्यापकतापूर्वक प्रस्तुत गरिएको हुन्छ । कला साहित्य सङ्गीत र शिक्षासँग जोडिएर सचेत कर्म गर्न अनि प्रतिसंस्कृतिको कारबाहीमार्फत उत्पीडनकारी समाजलाई फेर्नु दलितहरूको सौन्दर्यबोधमा परिवर्तन गर्दै सामाजिक मुक्तिको अभियान चाल्नु नै दलित सौन्दर्यको खोज हो (महर्जन, २०७०, पृ. २३) । दलित साहित्य सौन्दर्यको पक्ष दलित अस्मिताको खोज र स्थापनाको सन्दर्भ हो तथा सामाजिक खोज र स्थापनाको सन्दर्भ हो । सामाजिक, आर्थिक, राजनैतिक उत्पीडन, असमानता, अन्याय र अत्याचारबाट मुक्तिको सन्दर्भ हो । त्यसैले सौन्दर्यको अर्थ दलित मुक्तिको प्रश्नमा उनीहरूको सामाजिक मूल्य, नैतिकता, सामाजिक सम्मान मात्र होइन आर्थिक समानता समान अवसर र राजनैतिक निकास पनि हो ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
समाजमा सम्मानित जीवन प्राप्त गर्न दलितहरूले आर्थिक समानता र न्याय प्राप्त गर्नैपर्छ (ज्ञवाली, २०७०, पृ. १६६) । दलित साहित्यको सौन्दर्य प्रहारमा हुन्छ, सम्मोहनमा हुँदैन । सदियौंदेखि चलिआएको सडेगलेको परम्परालाई यसले आक्रमण गर्दछ । यसले शोषण र दमन बिच हतास जीवन बाँच्ने दलितलाई बाँच्ने कला सिकाउँछ । धर्मको भ्रमबाट मुक्तिको बाटो देखाउँछ । आफ्नो अवस्थाप्रति सचेत हुन र स्वपहिचानको खोजी गर्नु नै दलित सौन्दर्य हो । दलित साहित्यको सिर्जनाले नयाँ सौन्दर्य शास्त्रको निर्माण गरिरहेको हुन्छ । मान्छे भएर पनि मानवको कित्तामा नराखिएका र उच्च जातको सेवक ठानिएका मानिसका दुःखको अनुभूति प्रस्तुत गरी त्यसबाट आक्रोश, विद्रोह र मानव मुक्तिको चेतना प्रस्तुत गर्नु नै समग्रमा दलित सौन्दर्य चेतना हो (ओझा, २०७०, पृ.२५१) । वास्तवमा दलित सौन्दर्य दृष्टि मुक्तियोजनासहितको विशिष्ट जीवन दृष्टि हो । दलित साहित्यको केन्द्र नै दलित वर्ग हो र दलित मनुष्यलाई सबै प्रकारका भेदभावबाट मुक्त गर्ने ध्येय नै यसको मूल लक्ष्य हो । समाजवादी यथार्थवादले अँगीकार गर्ने मार्क्सवादी चिन्तन र सौन्दर्य शास्त्र नै दलित साहित्यको चिन्तन र दलित सौन्दर्यशास्त्र पनि हो । वर्गीय साहित्यको सिर्जना दलित साहित्यकारहरूको केन्द्र हो र शोषक वर्गीय साहित्य सिर्जनाका सट्टा जनताको साहित्य सिर्जना गर्नेक्रममा नै दलित साहित्यको सौन्दर्यशास्त्र निर्माण हुन्छ (भट्टराई, २०७०, पृ. १९८) । दलित सौन्दर्यशास्त्र दलित समुदायलाई मुक्त अभियानमा क्रियाशील गराउने जीवन्त गतिशील र रूपान्तरणकारी सौन्दर्यशास्त्र हो । दलितसम्बद्ध कलासाहित्यको अध्ययन विश्लेषण तथा मूल्याङ्कनका लागि दलित विषयमा सिर्जना गरिएका कलासाहित्य नै नवीन सौन्दर्य चेतको शृङ्खला निर्माण गरिरहेका हुन्छन् । सार्वभौम रूपमा मार्क्सवादी सौन्दर्यशास्त्रलाई नै आत्मसात गर्ने भएकाले आम रूपमा दलित सौन्दर्यशास्त्रको सैद्धान्तिक दनर्शनिक आधार मार्क्सवादकै अवधारणा हो । मार्क्सवादी सौन्दर्य चिन्तनका आधारहरू दलित सौन्दर्यशास्त्रका पनि आधारहरू हुन् । दलित जीवनका सुन्दरता र कुरूपता उदात्तता र नीचता त्रासद र प्रहसनात्मकता जस्ता दलित सौन्दर्यशास्त्रका आधारभूत वस्तुहरू दलित जीवनको विशिष्टताबाट सुरु भएर मार्क्सवादी सौन्दर्यशास्त्रका नियमसँग गएर जोडिन पुग्छन् ।

दलित त्यो श्रमजीवी वर्ग हो जसलाई समाजमा सबैभन्दा कठिन मानिएको सबैभन्दा तुच्छ ठानिएको कठोर शारीरिक श्रम पर्ने कामको जिम्मा दिइएको हुन्छ । परम्परागत रूपमा फलामको काम छालाको काम सिलाइ बुनाइको काम सरसफाइको काम वाद्यवादनको काम आदि सबै दलित समुदायकै विभिन्न जातले गर्नपर्ने सामाजिक परम्परा छ । दलित समुदाय कुनै न कुनै रूपमा प्रत्यक्ष शारीरिक श्रमसँग आबद्ध हुन्छ । श्रमचेतना श्रमप्रतिको लगाब र श्रमिक वर्गप्रतिको सम्मान भाव दलित सौन्दर्यशास्त्रको अभिन्न आधार हो । दलित समुदायको विश्वदृष्टि र सौन्दर्यचेत भौतिकवादमा आधारित हुन्छ । यो विश्व दृष्टि वा सौन्दर्यचेत सारमा गतिशील द्वन्द्वात्मक भौतिकवादी दर्शन हो । यही भौतिकवादी सौन्दर्यशास्त्रको आलोकमा  मानव महाकाव्यको विश्लेषण गरिएको छ ।

## परिणाम र विमर्श

### पूर्वकथामा दलित सौन्दर्य

प्रस्तुत महाकाव्यको मूल कथा मोहनको जीवनसँग सम्बन्धित छ भने महाकाव्यको पूर्वकथा उनको जन्मपूर्वको पृष्ठभूमिमा आधारित छ । यस महाकाव्यको पूर्वकथा मोहनको मामा कालेसँग सम्बन्धित छ । काले घरको आर्थिक दुरावस्थाका कारण मुग्लान भासिक बाध्य हुन्छ । मुग्लान भासिनुपूर्व महाकाव्यकारले काले समाजको दलित वर्ग भएको र त्यही दलित वर्गको दलानमा रहेका श्रमजीवी वर्गको जीवन निर्वाहका साधनका रूपमा रहेका वाद्यवादनलाई यसरी प्रस्तुत गरेका छन् –

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

थियो आरन उस्तै नै खलाँती उही नै थियो

सनासो, घनको जाबे झुण्डिएको थियो त्यहीँ । (पृ.२१)

प्रस्तुत सन्दर्भमा आएका आरन, खलाँती, घन, जाबे, श्रमजीवी दलित श्रमजीवी वर्गका जीविकोपार्जनका साधन हुन् । यस वर्गले यिनै साधनको प्रयोग गरी जीवन निर्वाह गरेको छ । यिनै जीविकोपार्जनका साधनसँग यो वर्ग रमाउँछ । मेहनत गर्छ पसिना बगाउँछ तर पनि उसको जीवनस्तर आर्थिक रूपले माथि उठ्न सकेको हुँदैन । आरत खलाँती सनाइ र दमाहा जीवन निर्वाहका साधन मात्र होइनन् सौन्दर्यका साधन पनि हुन् । यिनै साधनलाई सुम्सुम्याउनुमा दलितहरूले आफ्नो जीवनको सार्थकता बोध गरेकाले यी दलित सौन्दर्यका साधनका रूपमा रहेका छन् ।

आर्थिक विपन्नताका कारण मुस्ला

रोमाञ्चकारी घटना हिन्दूको इतिहासमा

जबर्जस्ती पस्यो कामी आज बाहुनका घर

अब के हुन्छ है आज कुन सङ्ग्राम पर्दछ

ज्यूँदो फर्कन्न है काले राम के देख्नुपर्दछ । पृ ४२ ।

दलितले ब्राह्मणको घरमा पस्न नहुने, कामीले छोएको खान नहुने संस्कारयुक्त त्यस समाजमा गजानन ब्राह्मणका घरमा काले कामी प्रवेश गरेर विद्रोहको सुरुआत गरेको छ । सदियौँदेखि दलित मानिएको र विद्रोहको आवाज उठाउन नसकी रहेको अवस्थामा आफ्नी बहिनीमाथि गजानन ब्राह्मणले गरेको यौन शोषणको बदला दिन कालेले आज जुन कदम उठायो यो दलित वर्गले आफूमाथि हुँदै आएको थिचोमिचो र शोषणका विरुद्धको सशक्त प्रतिकार थियो । दलित वर्गमाथि सदियौँदेखि भइआएको दमनको प्रतिकार गर्न एउटा कामी ब्राह्मणका घरमा प्रवेश गर्नु दलित सौन्दर्यको विशिष्ट रूप हो । आफ्नो वर्गमाथि निरन्तर भइरहेको अमानवीय व्यवहारको प्रतिकारमा यसरी एउटा पात्रमा पलाएको विद्रोहको झिल्काले परम्परादेखि चलिआएका कुसंस्कार र शोषणको अन्त्यका लागि एक हतियारको काम हुनेछ । त्यसैले कालेको यो साहस, हिम्मत र प्रतिकार दलित सौन्दर्य चेतनाको सशक्त अभिव्यक्तिका रूपमा यहाँ प्रस्तुत भएको छ ।

आफ्नी बहिनी पुतलीमाथि यौन शोषण गर्ने मुखिया ब्राह्मण गजाननका घरमा पसेर कालेले गजाननमाथि जुन आक्रमण गर्यो त्यो घटना यस महाकाव्यको सबभन्दा ठुलो दलित सौन्दर्य हो । आफूमाथि अन्याय र शोषण गर्ने तथाकथित उच्च वर्ग ब्राह्मण भनिएको गजाननको घाँटीमा अठ्याएर उलसे लाएको जनै चुडाएर धुजा धुजा पार्नु र गजाननको टुप्पी उखेलेको सन्दर्भलाई महाकाव्यमा यसरी प्रस्तुत गरिएको छ –

के पर्न मात्र भ्याएथ्यो पञ्जा कक्रक्क घाँटीमा

उफ्यो बुरुक्क के दब्थ्यो काले झन् त्यस नृत्यमा

पछारेर जनै तोड्यो सय टुक्रा धुजा धुजा

जुँघा चर्याक्क गोडेर यत्रतत्र छरिदियो ।

मुसेखरी उखेले झैँ टुप्पी गोडेर हातमा । (पृ.४४)

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

जब कालेको पञ्जा गजानन ब्राह्मणको घाँटीमा पर्यो दुवै हातले उठाएर कक्रक्क पारी कालेले गजाननलाई मटानमै पछारेर बजार्यो । गजानन ब्राह्मणको जनै सय टुक्रा पारेर धुजा धुजा पार्यो भने गजाननका जुँगा उखेलेर यत्रतत्र छरिदियो । गजाननको टुप्पी उखेलेर हातमा लियो । यसरी गजानन ब्राह्मणको टुप्पी र जनै चुडाएर हातमा लिएपछि कालेले गजाननसँग अभिव्यक्त गरेका निम्नलिखित अभिव्यक्तिहरूमा दलित मुक्तिको चेतना परम्पराका सङ्कीर्ण विचारप्रतिको प्रहार र दलित सौन्दर्य चेतना प्रस्तुत भएको छ –

अछुत घरमा पस्ता शान्तिस्वस्तिहरू कुन
गर्नुपर्छ छिटो खोल्नोस् ठेली निर्णय सिन्धुको
चोखो बाहुनको गर्भ कामीकी छोरीमा रहे
भ्रुणको जात के हुन्छ लौ श्रुतिस्मृति खोल्नुहोस् । (पृ.४४)

प्रस्तुत भनाइमा काले कामी आफैँ गजाननका घरभित्र पसेर उसलाई दलानमा घिसार्दै उसको जनै र टुप्पी छिनाएपछि गर्जिंदा एउटा मान्छे अर्को मानिसको घरमा प्रवेश गर्दा कुन शास्त्रले के कस्तो शुद्धिकर्म गर्नुपर्छ, एउटा कामी बाह्मणका घरमा पस्दा गर्नुपर्ने कर्म मात्र होइन एउटा चोखो ब्राह्मणको गर्भ बोकेकी कमिनीको पेटको बच्चाको जात के हुने, त्यो बच्चा कामी ब्राह्मण वा अन्य के हुने भनी गरेको गर्जनाले सिङ्गो ब्राह्मणवादी संस्कृतिप्रति मात्र प्रहार भएको होइन, पूरै मानवतामाथि नै प्रश्न गर्दै वकालत गरिएको छ । जातका नाममा हुने भेदभाव मानिस मानिसका बिच हुने छुवाछुत कुन शास्त्रमा कहाँ केकसरी लेखिएको छ के एउटा चोखो ब्राह्मणले कमिनीलाई गर्भ बोकाउनु हुन्छ, यदि हुन्छ भने त्यो कुन निर्णय सिन्धुमा कहाँ लेखिएको छ भन्ने प्रश्नले सिङ्गो सभ्यतामा भएका असमानता र भेदभाव विरुद्ध विद्रोहको स्वर अभिव्यक्त गरेको छ । तसर्थ यसरी एउटा दलितले कथित ब्राह्मण भनाउँदा व्यक्तिमाथि गरेको यो शोषणको प्रतिकार स्वपहिचानको खोज गर्दै दलित सौन्दर्यको अभिव्यक्ति दिनु हो ।

कालेको यो प्रतिकार सदियौँदेखि अन्याय सहँदा सहँदा अति भएपछि निस्किएको विद्रोहको ज्वाला थियो । अन्याय अत्याचारले सीमा नाघिसकेपछिको क्रान्तिको कर्म थियो । आफ्नै बहिनीमाथि भएको यौन शोषणको प्रतिकार थियो । परम्परावादीहरूका लागि कालेको यो कार्य कुकृत्य भए पनि दलित चेतनाका दृष्टिले यो एक महान् कार्य थियो । शाश्वत क्रान्तिको ज्वाला निस्केर शोकषणका विरुद्ध विस्फोट भएको थियो । एउटा अछुत कामीले ब्राह्मणका घरभित्र पसेर उसलाई लछार्दै पछार्दै उसको जनै चुडाएर टुप्पी उखेल्नु क्रान्तिको उग्र रूप थियो । यही क्रान्तिमा दलित सौन्दर्य सन्निहित छ ।

दलितहरूले आफूमाथि भएको अन्याय, अत्याचार र शोषणको प्रतिकारमा जुन उग्र रूप कालेले प्रदर्शन गर्यो, उसले जुन साहस देखायो त्यो सम्पूर्ण दलित जातिका लागि गौरवको विषय थियो । दलित सौन्दर्यको विषय थियो । यो सौन्दर्य चेतनाले सबै दलितहरूलाई अग्रसर गराउन सकेको भए प्रस्तुत महाकाव्यमा दलित सौन्दर्य चेतनाले विशिष्ट उचाइ प्राप्त गर्ने थियो र दलित क्रान्त पनि सफल हुन्थ्यो तर एउटा काले मात्रको के नै लाग्न सक्थ्यो र बिचरा काले गजाननका लठैतहरूको आक्रमणकाट मारियो र यस संसारबाट सधैँका लागि क्रान्तिको एउटा ज्वाला निभ्यो, गुमनाम भयो । कालेमा उठेको दलित सौन्दर्य चेतना केबल उसैमा मात्र सीमित हुनपुग्यो । त्यसले अरू शोषित पीडित दलितहरूलाई छुन सकेन । भित्री रूपमा छोए पनि त्यस बाहिर प्रकट हुन सकेन । जसले गर्दा एउटा क्रान्तकारी योद्धाको अवसान भयो । अन्य समाजका दलितहरूले यस घटनाको एउटा सुइँकोसम्म पाउन सकेनन् । त्यसैले यो क्रान्तिको ज्वारभाटा बडबालन भएर उठेको दलित सौन्दर्य चेतना समुद्रको विशाल गहिराइमा विलुप्त भएझैँ बिलाएर

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

गयो । । यसर्थ कालेका यस किसिमका कार्यले मानव महाकाव्यलाई पूर्ण दलित सौन्दर्य चेतनायुक्त काव्यका रूपमा स्थापित गरेको छ ।

## मूल कथामा दलित सौन्दर्य

प्रस्तुत महाकाव्यको मूल कथा मोहनसँग सम्बन्धित छ । मोहन उच्च जात भनाउँदो ब्राह्मण गजानन र कथित दलित जात भनिएकी काले कामीकी बहिनी पुतलीको संसर्गबाट जन्मिएको वर्णशङ्कर युवा हो । काले मुग्लान भासिएको बेला आफ्नै घरमा काम गर्नलगाएर गाउँको मुखिया ब्राह्मण गजाननले उसको कुमारीत्व लुटेको छ । किशोरी पुतलीलाई आफ्नै घरमा राखी बारम्बार यौन शोषण गरी उसलाई गर्भवती तुल्याएको छ । जब काले मुग्लानबाट घर आयो, जब उसले गजाननको यो सबै कुकृत्य थाहा पाएर गजाननसँग प्रतिवाद गर्न जाँदा काले मारियो र गजाननका लठैतहरूले पुतलीलाई पनि कुटेर मरी भनेर भीरबाट झारिदिए तर पुतलीले आफू नमरी बच्चा जन्माई र ऊ आफू भने मरी । बच्चा बाँच्यो र पछि गएर मोहनका रूपमा कष्टपूर्ण जीवन व्यतीत गर्न बाध्य भयो । त्यही बच्चा गजाननकी श्रीमतीले ल्याएर पालेकी थिई र उसलाई मोहन नाम दिएकी थिई ।

सरिताको ममताले ओतप्रोत भएको त्यो सानो बालक एउटी दलित युवतीले जन्माई मात्र । बालक जन्मनासाथ मरेकी पुतलीको काखको बच्चा मोहन सरितासँगको बालापनको मौनतालाई भविष्यको क्रान्तिको ज्वालाका रूपमा सङ्केत गर्दै महाकाव्यकार भन्छन् –

दलित संसारको मौन रोदन  
रोइरहेको यसकै अव्यक्त रोदनमा  
भोलि पड्कने छ यो कलिलो जिब्रो  
विश्वव्यथाको प्रतिरोदनमा । (पृ.१५४)

सदियौंदेखि दबाएर मौन बनाइएका दलितहरूका आवाजलाई कुनै दिन यही दलितको बीज बालकले ओकल्ने छ । यो कलिलो जिब्रो बोल्ने छ र विश्वभरिका दलितहरूको आवाजलाई अभिव्यक्त गर्ने छ । सदियौंदेखिका मौन आवाजहरू विस्फोट हुनेछन्, अव्यक्त पीडाहरू छलाछुल्ल हुनेछन् । सदियौंदेखि दबाइएर मौन बनाइएका सबै सबैका आवाजहरूलाई यही कलिलो जिब्रोले कुन दिन विस्फोट गराउनेछ भनेर अतिभएपछि  विस्फोट हुन्छ र त्यस विस्फोटले परम्पराका सङ्कीर्ण पर्खालहरू ढाल्नेछ भन्ने दलित सौन्दर्यको अभिव्यक्ति यी माथिका हरफहरूमा प्रकट भएको छ ।

पुतलीको मृत शरीरमा रोइरहेको बालक मोहनलाई बचाउन सरिताले ठुलै सङ्घर्ष गर्नुपरेको थियो । मोहनलाई काखमा च्यापेर घर आउँदा रसिताको पति गजाननले अनेक लाञ्छना लगाउँदै सरिता र बच्चा दुवैलाई मार्न खोज्छ । सरिता शरीरभरि निलडाम लिएर बाखमा बच्चालाई च्यापेर घर छोड्न बाध्य हुन्छे । सरिताले यसरी घरबारविहीन भएर पनि अर्काका घरमा जुठा भाँडा माझेर अनेक कष्टका पहाडहरू पार गर्दै लाञ्छनाका तीखा बाणहरू सहँदै मोहनलाई बाह्र वर्षकोसम्म बनाई । मोहन पनि आमालाई काममा सघाउन थालेको थियो तर अचानक एक दिन आएको बाढीले सरितालाई बगाएर लग्यो । अब मोहन टुहुरो भयो । आफ्नो बाबु को हो, घर कहाँ हो, कसरी आमा यस ठाउँमा आएर नदी किनारामा बसिन् केही पनि थाहा नपाएको अन्जान मोहन बाँच्नका लागि भरिया भएर अर्काको भारी बोकेर जीवन चलाउन थाल्छ । त्यही भारी बोक्ने क्रममा आफ्नै कान्छी आमाको छोरो शम्भुसँग भेट भएपछि उनीहरूले आफूलाई चिने र आफू तथा आफ्नी जन्म दिने आमा पुतली तथा पालन पोषण गर्ने आमा सरितामाथि भएको अन्याय,

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

अत्याचार र चरम शोषणको बदला लिन यी दुवै युवाहरूले गरेका कार्यहरूमा दलित सौन्दर्य चेतना अभिव्यक्त भएको छ ।

अचानक आएको बाढीले आमा सरितालाई खोलाले बगाएपछि एक्लो र टुहुरो बनेको मोहन यात्रीहरूको भरिया भएर जीवन चलाउने प्रयास गर्छ । साहूका भारी बोक्ने क्रममा ती ठुलाठालु भनाउँदा साहू महाजनहरूले मोहनलाई गरेको गालीमा दलितमाथि हुने सामाजिक तिरस्कार मात्र होइन परम्परागत ब्राह्मणवादका सङ्कीर्ण विचारहरू महाकाव्यमा यसरी प्रकट भएका छन् –

ल..... ल.... ल.... हेर यसले पाइला सारेको ?
स्सोम कहीँको ज्यूँदो हो कि मुर्दा हो ?
टिको लगाएर मन गर्ने थिएँ बाहुन भए त
यो जात न भातको अलच्छिना मोरो
पसिना पुच्छ अझ हैजाले निमोठ्न नसकेको
ला...... ला...... ला...... सुँगुर । (पृ.१९३)

सकी नसकी मध्यान्हको चर्को घाममा आफूभन्दा ठुलो भारी बोकेर हिँडिरहेका बेला साहूले पाइला पनि सार्न नसक्ने तँ जिउँदो छन् कि मुर्दा होस् । कुनै ब्राह्मण भएको भए पनि दिएको पैसा टीको लगाएर चित्त बझाउँथें । यो जात न भातको अलच्छिना हैजाले लान नसकेको सुँगर भन्दै साहूले हानेको कोर्राले मोहनका तिघ्रा रगताम्य भएका छन् । एउटा बालकमाथिको यो अमानवीय व्यवहार क्रूरताको पराकाष्टा हो । ब्राह्मण भएको भए टीका लगाएर चित्त बुझाउँथेँ तर यो जात न थरको भनेर जुन तिरस्कारयुक्त बोली साहूले बोलेको छ त्यसमा दलितप्रति अत्यन्त तुच्छ घृणाभाव व्यक्त गरिएको छ । यसरी समाजमा सम्पन्न र सम्भ्रान्त भनाउँदा वर्गबाट दलितमाथि हरेक क्षण भइरहेका प्रताडना, उत्पीडन र यातनाको चित्रणले प्रस्तुत महाकाव्य दलित सौन्दर्य चेतनाको अभिव्यक्ति हो भन्ने कुरा पुष्टि हुन्छ ।

प्राकृतिक रूपमा सबै प्राणी एकै हुन् । प्रकृति सबैको साझा घर हो । जन्मले कोही पनि ठुलो वा सानो हुँदैन । प्रकृतिमा कुनै जातभात, धर्म, वर्ग र समुदायको भेदभाव छैन । आखिर मानिस मानिसमा आएर यो विभेद किन यो असमानता किन भन्ने सन्दर्भमा कवि भन्छन् –

तल्लो उपल्लोको यहाँ निशाना छैन
अछुत गरिब तँ पर जा भनेर
यहाँको एउटा छेस्काले पनि भन्दैन ।
मान्छेले मनमानी बनाएका वर्ण, जात, धर्म र सम्प्रदायका
साँगुरा पर्खालभित्रको छट्पटी र उकुसमुकुस
अनायास सेलाउँछ यहाँ पुग्दा नपुग्दै
प्रत्येक कुञ्ज, झुँडी र छहारी मुन्तिर । (पृ.२००)

प्रकृतिमा कुनै ठुलो सानो तल्लो माथिल्लो भन्ने भेदभाव छैन । कसैलाई तँ अछुत गरिब पर जा भनेर प्रकृतिका एउटा छेस्काले पनि अर्को छेस्कालाई समेत कहिल्यै भन्दैन । प्रकृतिमा नभएका यी विषयहरूलाई मान्छेले मनपरि उठाएर वर्ण, जात, धर्म र सम्प्रदायका साँगुरा पर्खाल बनाई मानव मानव बिच विभेदको सिर्जना गरेका छन् । मानिस आफैँले बनाएका साँगुरा गल्लीहरूमा उकुसमुकुस भई छट्पटिन विवश छ । यो छट्पटाहट र उकुसमुकुसबाट

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

मुक्त हुनका लागि यो सङ्कीर्ण जात भात वर्ण धर्म र सम्प्रदायका पर्खालहरूलाई भत्काएर प्राकृतिक मानव बनाउनु पर्ने दलित सौन्दर्य चेतना यी अभिव्यक्तिहरूमा प्रकट भएको छ ।

भारी बोक्ने क्रममा शम्भुले मोहन आफ्नै दाजु भएको थाहा पाएपछि उसभित्र आफ्नो बाबुप्रति एक किसिमको घृणापूर्ण आक्रोश भरिएको छ । आफ्नै सन्तानरसहकी पुतलीलाई यौन शोषण गरी गर्भवती बनाएर उसको गर्भसहित दुई दुई पटक मार्ने, काले जस्तो कर्मयोगीको जीवनलीला समाप्त पार्ने तथा आफ्नी लक्ष्मी जस्ती ठुलीआमालाई घिसार्दै घरबाट निकाल्ने दुष्ट गजाननलाई म एक्लै मार्छु र उसले गरेका कुकृत्यको बदला दिन्छु भनी शम्भुले गरेको यस सङ्कल्पमा दलितप्रति गरिएको अन्याय, शोषण, अत्याचार र विभेदको अन्त्यका लागि सचेत युवाले गरेको विद्रोहात्मक अभिव्यक्तिमा यसप्रकार दलित सौन्दर्य प्रकट भएको छ –

सरस्वती जस्ती आफ्नी सहचरीलाई पिटेर लघार्ने हत्यारा ।  
छोरी जस्ती पुतलीलाई दुईपल्ट मार्ने हत्यारा ।  
काले जस्तो कर्मयोगीलाई काँचै चपाउने हत्यारा ।  
मोहन जस्तो महात्मालाई ज्यूँदै मार्ने हत्यारा ।  
दश पल्ट तेरो हत्या गरे पनि बदला त्यसले पुग्दैन  
सयपल्ट तँलाई फाँसीमा झुँडाए पनि सजाय त्यसले पुगदैन  
मोहन चाहिन्न यसको बदला आज म आफैँ पूरा गर्छु  
कोही चाहिन्न काले र पुतलीको सङ्कल्प पूरा गर्छु  
हत्याराको छोरो भन्ने आफ्ना मुखको कलङ्क  
लौ.............. आ...............।  
चाँडो............ आ ............. ।  
अगाडि आ.............. । (पृ.२५३/२५४)

दलितमाथि अन्याय गर्ने, दलित युवाको परिवारलाई लथालिङ्ग पार्ने, त्यही दलित युवाकी कलिली बहहिनीलाई घरमा नोकर्नी बनाएर बारम्बार बलात्कार गरी गर्भवती बनाउने, गर्भवती युवतीलाई मार्न गुन्डा लगाउने गजानन आफ्नै बाबु हो र उसले कालेले कहिनीमाथि गरेको शोषणको पराकाष्टा थाहा पाएपछि कालेलाई लठैतहरू लगाएर घरभित्रै मारी दबाउने, पुतलीको सन्तानलाई पालन पोषण गर्न तत्पर आफ्नै पत्नीलाई लछारपछार गर्दै घरबाट निकाल्ने गजानन दलित जातिको सबभन्दा ठुलो दुस्मन र मानवताकै कलङ्क भएकाले यसलाई मारेर दलित तथा दलित जातिका समर्थकहरूप्रति भएको अन्यायको बदला लिन शम्भुले चाल्न खोजेको कदममा दलित सौन्दर्य प्रकट भएको छ । शम्भुमा पलाएको यो प्रतिशोधी चेतना केबल दलित सौन्दर्य चेतनासँग मात्र सम्बन्धित छैन । यो विद्रोह सम्पूर्ण मानवता विरोधी, प्रगति विरोधी, समाज विरोधी गतिविधिको सशक्त प्रतकारका रूपमा आएको छ । यसप्रकारको विद्रोही अभिव्यक्तिले दलित सौन्दर्य चेतनालाई नै परिपुष्ट पार्ने काम गरेको छ ।

प्रस्तुत महाकाव्यमा उठेको दलित सौन्दर्य चेतना महाकाव्यको अन्त्यमा गएर मानवतावादमा परिणत भएको छ । महाकाव्यको मूल कथा दलितमाथि भएको अन्याय अत्याचार र शोषणको सशक्त विद्रोहका साथै एक कर्मशील युवाको सङ्घर्षलाई मार्क्सवादी सौन्दर्यका कोणबाट हेर्नु रहेकाले यो मार्क्सवादी सौन्दर्य चेतना मानवतावादमा परिणत हुन पुगेको हो । आफ्नो बाबु गजाननले आफ्नै दाजु दलित आमाबाट जन्मिएको छोरो मोहन, उसकी आमा पुतली र कालेप्रति गरेको दमन तथा शोषण दलितमाथि उच्च भनाउँदा समाजका विशिष्ट वर्गले गरेको शोषणको

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

अमानवीय घृणित कार्य हो । त्यो कुरा थाहा पाएर त्यसको सशक्त प्रतिकार गरी आफू हत्यारा शोषक र आततायी व्यक्तिको पुत्र हुँ भन्ने सामाजिक लाञ्छनाबाट मुक्त हुनका लागि गजाननको हत्या गरी मरेका दलितहरूको बदला पूरा गर्ने जुन अठोट शम्भुले लिएको थियो तर त्यही दलित आमाबाट जन्मिएको मोहनमा मानवतावादी चेतनाले तीव्र प्रभाव पारेको छ र ऊ गजाननलाई मार्दैमा दलितमाथि हुने र भएका शोषण र अत्याचारको अन्त्य नहुने बरु उसभित्रको कुप्रपृत्तिको अन्त्य गर्नुपर्ने धारणा प्रस्तुत गर्छ । मोहनले प्रस्तुत गरेको निम्नलिखित धारणामा दलित चेतना मानवतावादी चेतनामा परिणत भएको छ –

सानो मृत्यु नमारौँ मारेर यसलाई
लामो मृत्युमा धकेलिदिऊँ बचाएर यसलाई
र सदै थूक घृणा र पश्चात्तापको नदीमा नुहाउन दिऊँ यसलाई
एउटा नयाँ जन्मको अवसर दिऊँ यसलाई
एउटा नयाँ जीवनको सम्भावना दिऊँ यसलाई । (पृ.२५६)

मानिसलाई मारेर बदला लिनेभन्दा पनि उसलाई समाजमा जिउँदै मार्नुपर्छ । व्यक्तिलाई मार्दैमा समाजबाट दलितमाथि हुने भेदभाव र अन्याय अत्याचारको अन्त्य हुँदैन । हामीले गजानन जस्ताको सोच मार्नुपर्छ । गजाननजस्ता व्यक्तिलाई आफूले गरेको अपराधको पश्चात्ताप हुने गरी मार्नुपर्छ । जसले बाँचेर पिन आफूले दलितमाथि गरेको शोषण अन्याय र अत्याचार सम्झेर आफैँ पलपल मर्दै जाओस् र जिउँदो लास भएर बाँचोस् भन्ने मोहनका यी विचारहरूमा सम्पूर्ण दलित सौन्दर्य चेतना मानवतावादी चेतनामा परिणत भएका छन् । यही दलित सौन्दर्य चेतनालाई व्यापक विश्व मानवतावादी चेतनामा रूपान्तरण गर्नसक्नु यस महाकाव्यको विशिष्ट खुबी तथा गुण हो ।

## निष्कर्ष

नेपाली महाकाव्य परम्परामा प्रगतिवादी मार्क्सवादी अवधारणालाई आत्मसाथ गरेर लेखिएको मोदनाथ प्रश्रित *मानव* महाकाव्य दलित सौन्दर्य चेतनाले भरिएको महाकाव्य हो । यस महाकव्यमा सदियौँदेखि उपल्लो जात भनाउँदो ब्राह्मण जातिबाट अन्यायमा पिल्सिँदा पिल्सिँदा विद्रोहको ज्वारभाटा भएर निस्किएको कालेले गजानन ब्राह्मणको जनै र टुप्पी छिनाएर विद्रोहको सुरुआत गरेको छ । एउटा अछुत दलित काले कामी ब्राह्मण गजाननका घरभित्र परेको छ र परम्परादेखि चलिआएको छुवाछुत प्रथाको घोर विरोध गरेको छ । समाजबाट छुत र अछुतको खाडल मेटाउने प्रयास गरेको छ । यही दलित मुक्तिको आन्दोलनलाई उजागर गर्नु र दलितमाथि भइरहेका अमानवीय कार्य, सामाजिक विभेद, उत्पीडन र यातनाको प्रतिकारका लागि दलित समुदायलाई जागृत गराउनु मानव महाकाव्यको मूल दलित सौन्दर्य चेतनागत उद्देश्य हो । सदियौँदेखि नेपाली समाजमा उच्च जात भनाउँदा व्यक्तिहरूले दलित मानव समुदायमा के कस्तो थिचोमिचो अन्याय र अत्याचार गर्दै शोषण गरेको थियो । दलितको आवाजलाई कसरी दबाइएको थियो । आफ्ना तृष्णा पूरा गर्न दलित युवतीसँग यौनेच्छा पूरा गर्दा हुने तर घरभित्र पस्न नहुने अत्यन्त घृणित संस्कारका विरुद्ध एउटा सचेत युवाले गरेको सङ्घर्ष, त्याग र बलिदानमा सिङ्गो दलित मुक्तिको चेतनालाई दलित सौन्दर्यका आधारमा प्रस्तुत गरी दलित मुक्तिको स्वर उजागर गर्नु नै प्रस्तुत महाकाव्यको निष्कर्ष हो ।

## सन्दर्भ सामग्री

ओझा, भोलानाथ (२०७०), नेपाली भाषाको साहित्यमा दलित चेतना, भित्र *दलित सौन्दर्य बोध,* (सम्पा.). राजेन्द्र महर्जन, समता फाउन्डेसन ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

ज्ञवाली, ईश्वरचन्द्र (२०७०), साहित्यमा दलित सौन्दर्य र सौन्दर्यबोध, भित्र *दलित सौन्दर्य बोध,* (सम्पा.). राजेन्द्र महर्जन, समता फाउन्डेसन ।

न्यौपाने, चन्द्रप्रसाद (२०६८), मानव महाकाव्य एक विवेचना, *शब्द संयोजन,* वर्ष ८, अङ्क १२, पृ.९९–१०६ ।

पागल, उपेन्द्र (२०६८), मानव महाकाव्यको विश्लेषणात्मक अध्ययन, *शब्द संयोजन,* वर्ष ८, अङ्क १२, पृ.४९–६० ।

प्रश्रित, मोदनाथ (२०४७), *मानव महाकाव्य,* (दो.संस्क.). लुम्बिनी प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७०), दलित परिप्रेक्ष प्रगतिवादी आख्यानका सन्दर्भमा, भित्र *दलित सौन्दर्य बोध,* (सम्पा.). राजेन्द्र महर्जन, समता फाउन्डेसन ।

महर्जन, राजेन्द्र (२०७०), इतिहासको क्याम्भासमा दलित सौन्दर्य, भित्र *दलित सौन्दर्य बोध,* (सम्पा.). राजेन्द्र महर्जन, समता फाउन्डेसन ।

शुभेच्छुक, रमेश (२०६८), मानव महाकाव्यको पात्रविधान, *शब्द संयोजन,* वर्ष ८, अङ्क १२, पृ. २८२–२९० ।

सङ्गीतश्रोता (२०७०), दलित सौन्दर्य शास्त्रका आधार भित्र *दलित सौन्दर्य बोध,* (सम्पा.). राजेन्द्र महर्जन, समता फाउन्डेसन ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*